स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



बलिउड सुपरस्टार सलमान खानले आफ्नो प्रतिक्षित वार मुभी 'ब्याटल अफ गलवान'को टिजरमा देखिएको लुकलाई लिएर भइरहेको ट्रोलिङको जवाफ दिएका छन्। सामाजिक सञ्जालमा केही प्रयोगकर्ताले सलमानको एउटा दृश्यलाई 'रोमान्टिक भाव' भन्दै आलोचना गरेपछि वास्तविकता स्पष्ट पारेका हुन्। यो एक कर्नलको लुक हो जसले आफ्नो टोली र जवानहरूको हौसला बढाउँछ।'

आजको विचार...



नेपालमा...
(दुई पेजमा)

राकेश कर्ण



शुक्रबारबाट प्रदर्शनमा आएको फिल्म हो 'आ बाट आमा'। फिल्मले प्रदर्शनको सुरुवातमा राम्रो व्यवसाय गरिरहेको छ। फिल्मले दर्शकबाट पनि सकारात्मक प्रतिक्रिया पाइरहेको छ। त्यसैले पनि निर्माण युनिट यतिबेला कलाकार उपत्यकाको विभिन्न हलमा पुगेर दर्शक प्रतिक्रिया लिइरहेका छन्। शनिबार निर्माण युनिट अभिनेता पल शाह, अभिनेत्री बिपना थापा, उषा उप्रेती, बलिउड कलाकार प्रदीप रावत सहित बालाजु स्थित अष्टनारायण हलमा पुगेका थिए।

❒ वर्ष ३१ अंक १८६ ❒ २०८२ माघ १९ गते सोमबार 2 February 2026, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पा अस्पताल : सेवा सुधारसँगै विरामी बढे, भौतिक संरचना उही पुरानै

**कृष्ण पोखरेल**

**पाल्पा,** माघ १८/पछिल्लो समय पाल्पा अस्पतालको सेवामा सुधार भएको छ । कुनै समय 'राम्रो उपचार हुँदैन, औषधि पनि पाइँदैन, फोहोर र अव्यवस्थित छ' भन्ने टिप्पणी सहन बाध्य यस अस्पताल यतिखेर सबैको आकर्षणमा पर्न थालेको छ । आकस्मिक कक्ष, ओपिडी, जनरल वार्ड, एक्स-रेलगायत कक्ष तथा शौचालयहरू सफा छन् । अस्पताल परिसरको सरसफाइमा पनि उत्तिकै ध्यान दिइएको छ ।

ओपिडीलगायत कक्षहरूमा चिकित्सक र स्वास्थ्यकर्मी नभेटिने अवस्थामा सुधार आएको छ । स्वास्थ्य बिमाका विरामीहरुको रेफर सेन्टरको रुपमा समेत आलोचना खेपेको अस्पतालको सेवामा अहिले धेरै नै सुधार हुँदै गएको हो । रेफर सेन्टर नभई उपचार सेन्टरको रुपमा अस्पतालले आफ्नो सेवा प्रवाह गरेको छ । सेवा सुधार भएसँगै






विरामीको संख्यामा समेत बृद्धि भएको छ । स्वास्थ्य बिमा लागु हुनुअघिसम्म दैनिक ४० देखि ५० जना बिरामीको सेवा प्रदान गर्दै आएको अस्पतालले अहिले दैनिक ५ सयदेखि ६ सय जनाको हाराहारीमा सेवा प्रदान गर्ने गरेको छ । सेवा सुधारले विरामीको संख्यामा उल्लेखीय वृद्धि भए पनि भौतिक संरचना उही पुरानै हुँदा सेवा प्रवाहमा भने समस्या झेल्नु परेको छ । राणाकालीन समयमा निर्माण गरिएको अस्पतालको भवन र कोठाहरू निकै जिर्ण छन् । अस्पताल भवनको अधिकाश भाग भत्किएर पानी चुहिन्छ, । पानी चुहिएको स्थानमा त्रिपाल तथा कार्पेट टाँसेर गुजारा चलाईएको छ । औषधी राख्ने फार्मेसी तथा स्टोरमा पानी चुहिने गरेको छ । औषधी स्टोरमा पानी चुहिएकै कयौ औषधी विग्रिएर फालिएको अवस्था देखिन्छ । अस्पतालमा मापदण्ड अनुसारको भौतिक पुर्वाधार नहुँदा सेवा प्रवाहमा असहज भएको छ । जनताको आवश्यकता र मागको आधारमा उपचारका सेवा प्रवाह हुन थालेपछि बिरामीको चाप धान्न चिकित्सकहरुलाई धौं धौं भएको छ । अस्पतालको भवन मापदण्ड अनुसार नभएको, विरामी परीक्षण गर्ने कोठाहरु राम्रो र पर्याप्त नभएको, टिकट काट्ने काउण्टरदेखी उपकरण राख्ने स्थान अभाव भएको, विरामी बस्ने तथा पालो कुर्ने स्थान समेत पर्याप्त नभएको, साँघुरो भवनको कारण उपचार गर्न पुगेका विरामीहरु समेत उकुस मुकुसमा पर्ने गरेका छन् । अस्पतालमा भवन अभाव हुँदा नत विरामीले मापदण्ड अनुसारको सेवा पाएका छन् नत चिकित्सकले मापदण्ड अनुसार विरामीको परीक्षण गर्न पाएका छन् । तत्काल भवन निर्माण भएमा निजी क्षेत्रले दिने विशेषज्ञ सेवा समेत पाल्पा अस्पतालमा आउने र पाल्पा गुल्मी, अर्घाखाँची र स्याङ्जाका विरामीले सहज रुपमा सेवा पाउने तानसेन नगरपालिका -६ का मनोहरलाल शाक्यले बताए । पछिल्लो सयम अस्पतालमा उपचार सेवा गुणस्तरीय र भरपर्दो बन्दै गएको छ । अहिले अस्पतालले विशेषज्ञ चिकित्सक सेवा समेत प्रदान गर्दै आएको छ । उसले हाडजोर्नी, स्त्रीरोग, आँखा, दाँत, तथा कल्चर ल्यावसहित विशेषज्ञ उपचार सेवा दिदै आएको जनाएको छ । अहिले यहाँका चिकित्सकहरु माईनर अपरेसन सेवा सञ्चालनमा जुटेका छन् । ५ बर्षदेखी पाल्पा अस्पतालबाट सेवा लिदै आए पनि चिकित्सकहरुलाई विरामी चेक जाँच गर्ने पर्याप्त कोठा नहुँदा विरामी र चिकित्सकलाई कठिनाई भएको सर्वसाधारणको बुझाई छ । एकै ठाउँमा पाँच/ छ जना चिकित्सक बसेर विरामीको चेकजाँच गर्नुपर्ने अवस्था छ । अस्पतालमा भिडभाडकै कारण विरामीले आफ्नो पूर्ण समस्या खुलाएर भन्न सक्दैन, कोही मानसिक विरामी हुन्छ, तिनीहरुको लागि त झन् पूर्वाधार अभावले उपचार सेवा दिन चिकित्सकलाई समस्या परेको छ ।

-बाँकी अन्तिम पेजमा...

## संक्षिप्त समाचार

### पाकिस्तानमा सडक दुर्घटना चारको मृत्यु



**(रासस/सिन्ह्वा)**

**इस्लामाबाद,** माघ १८/पूर्वी पाकिस्तानमा शुक्रबार भएको सडक दुर्घटनामा ४ जनाको मृत्यु भएको र २७ जना घाइते भएका छन्। दुर्घटना ठूला सवारी साधन र निजी गाडीको ठक्करबाट भएको बताइएको छ । स्थानीय प्रहरीले घटनास्थलमा पुगेर घाइतेहरूलाई नजिकैको अस्पतालमा पुर्‍याएका छन् र उद्धार तथा सुरक्षा कार्य जारी रहेको जनाएको छ । प्रहरीका अनुसार, दुर्घटनाको प्रारम्भिक अनुसन्धानले चालकको लापरबाही र सडकको असुरक्षित अवस्थाले दुर्घटना निम्त्याएको संकेत गरेको छ । स्थानीय प्रशासनले नागरिकलाई अपिल गर्दै सुरक्षित रूपमा यात्रा गर्न र सडक नियमको पालन गर्न चेतावनी दिएको छ । अस्पतालमा उपचाररत घाइतेहरू मध्ये केहीको अवस्था गम्भीर रहेको जनाइएको छ । प्रहरी र आपतकालीन सेवा टोलीले थप अनुसन्धान गर्दै दुर्घटनाका वास्तविक कारण पत्ता लगाउने प्रयास गरिरहेका छन् ।

## जेन-जी आन्दोलनमा फरार कैदी गुल्मीबाट पक्राउ



**गुल्मी,** माघ १८/जेन-जी आन्दोलनका क्रममा काठमाडौंबाट फरार रहेका एक कैदी गुल्मीबाट पक्राउ परेका छन् । आइतबार बिहान रेसुङ्गा नगरपालिका-८ बसपार्क क्षेत्रबाट फरार कैदी पक्राउ परेका हुन् ।


पक्राउ पर्नेमा छत्रकोट गाउँपालिका- ५ का ६५ वर्षीय मानबहादुर सर्तुङ्गे रहेका छन् । उनलाई तम्घासबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय गुल्मीका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक गंगाबहादुर सारुले बताए । प्रहरी अनुसार नियन्त्रणमा लिइएका कैदी कारागार कार्यालय जगन्नाथदेवल काठमाडौंबाट फरार रहेका थिए । उनी जबर्जस्ती करणी मुद्दाका फरार कैदी हुन् ।

आइतबार जिल्ला सदरमुकाम तम्घास बसपार्कबाट प्रहरी नियन्त्रणमा लिइएको हो । प्रहरी सहायक हवल्दार बासु मरासिनीसहित दुई जनाको टोलीले कैदी सर्तुङ्गेलाई नियन्त्रणमा लिएको हो ।

## बागलुङमा झण्डै २७ करोडको सुन्तला उत्पादन

**ढोरपाटन (बागलुङ),** माघ १८/यस वर्ष बागलुङमा २६ करोड ९० लाखको सुन्तला उत्पादन भएको छ । सुन्तलाखेतीप्रति किसानको आकर्षण बढेपछि उत्पादन बढेको हो । अघिल्लो वर्षको तुलनामा यस वर्ष ४४ लाख बढीको सुन्तला उत्पादन भएको छ । यस वर्ष औसा किराको प्रकोपलेबाट सुन्तलाका बोट जोगिँदा उत्पादन वृद्धि भएको हो ।

कृषि ज्ञान केन्द्र बागलुङका अनुसार गत वर्ष रु २६ करोड ४६ लाखको सुन्तला उत्पादन भएको थियो । पछिल्लो समय बाँझो खेतबारीमा किसानले सन्तलाखेती गर्न थालेपछि बर्सेनि उत्पादन बढ्न थालेको ज्ञान केन्द्रका प्रमुख कुमार पुन मगरले जानकारी दिए । बसाइँसराइले रित्तिदै गएका गाउँमा समेत राम्रो सुन्तला उत्पादन



भएको उनको भनाइ छ । पहिले कोदो, मकै, गहुँलगायतका खाद्य बाली लगाउने बारीमा हिजोआज सुन्तलाखेती गर्न थालिएको प्रमुख पुन मगरले बताए । कम मेहनतमा राम्रो उत्पादन गर्न सकिने हुँदा कृषकहरू सुन्तलाखेतीप्रति आकर्षित भएको उनी बताउन्छन् । यस वर्ष चार हजार १६९ मेट्रिक टन सुन्तला उत्पादन भएको पुन मगरले जानकारी दिए । किसानले न्यूनतम रु प्रतिकिलो रु ६५ ले बिक्री गरेको उनको भनाइ छ । उनले भने, "पछिल्लो समय सुन्तलाखेतीप्रति धेरै किसान आकर्षित भएका छन्, पहिले बाँझो रहेको जमिनमा पनि अहिले सुन्तला फल्न थालेका छन्, हरेक वर्ष सुन्तलाखेती हुने क्षेत्रफल बढ्दै गएको छ, कोदो, मकै, गहुँ र फापर फल्ने बारी हिजोआज सुन्तलाका बोटले ढाकिएका छन्, धेरै झन्झट नहुने, कम मेहनतमा धेरै उत्पादन गर्न सकिने हुँदा सुन्तला खेतीतर्फ आकर्षण बढ्दो छ ।" विसं २०७६ मा ५८५ हेक्टर क्षेत्रफलमा सुन्तलाखेती भएकोमा हालसम्म आउँदा बढेर ६६४ हेक्टर पुगेको छ । अहिले ३८१ हेक्टरमा सुन्तला उत्पादन भइरहेको ज्ञान केन्द्रले जनाएको छ । जिल्लाको काठेखोला गाउँपालिकाको बिहुँ, बागलुङ नगरपालिकाको सिगाना, तित्याङ, भकुण्डे, जैमिनी नगरपालिकाको बिनामारे र दमेकमा बढी सुन्तला उत्पादन हुन्छ ।

-बाँकी अन्तिम पेजमा...

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## सिमसार दिवसको सान्दर्भिकता

सिमसार पानी नसुक्ने र जमिन नलुक्ने क्षेत्रलाई लिने गरिन्छ । यो प्राकृतिक तथा कृत्रिम रूपमा पानी जमेर वा बगेर, अस्थायी वा स्थायी रुपमा बनेको दलदल क्षेत्र हो । तर अहिले यो क्षेत्र संकटमा पर्न थालेको छ । सिमसार क्षेत्रलाई विश्वव्यापी रूपमा संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले हरेक वर्ष फ्रेब्रुअरी २ का दिन विश्व सिमसार दिवस मनाइने गरिन्छ । हरेक वर्ष जस्तै आज पनि यो दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । सन् १९७१ मा इरानको रामसर सहरमा हस्ताक्षर भएको रामसर सम्झौता को स्मरणस्वरूप यो दिवस मनाउने गरिन्छ । सिमसार क्षेत्र जैविक विविधता संरक्षण, पानी सन्तुलन र मानव जीवनका लागि अत्यन्त महत्वपूर्ण छन् ।

सिमसारका दुई मुख्य विशेषता पानी र जमिनसँगै हुनु हो । यसले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्दछ । जैविक विविधताको दृष्टिले महत्वपूर्ण प्राकृतिक स्थलको रूपमा रहेको सिमसारले मानिसलाई जीवनयापनका स्रोत प्रदान गर्छ । सिमसारले जलवायु परिवर्तन तथा भूविनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरणीय सुरक्षा कवचसमेत प्रदान गर्छ । यो संरक्षण तथा पर्यापर्यटन विकासमा सिमसारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । पर्यटकका लागि पौडी खेल्ने, डुङ्गा चलाउनेदेखि सिमसार क्षेत्रमा पाइने चराचुरुङ्गी, वन्यजन्तुको अवलोकन लगायतका प्राकृतिक सौन्दर्यको अनुभव सिमसारले नै गराउँछ । सिमसारमा आश्रित समुदायको गरिबी निवारणमा पनि पर्यटन विकासले ठूलो भूमिका खेलेको हुन्छ । जलवायु, भौगोलिक स्वरुप, भूगर्भ र जल परिचालन लगायत भौतिक एवम् रासायनिक प्रक्रियाहरुले गर्दा सिमसारहरुमा लाखौं रैथाने तथा घुमन्ते (आगन्तुक) चरा, माछा, उभयचर, स्तनधारी, कीराहरु र बोटविरुवाको विविधता पाइन्छ । सिमसार क्षेत्रहरुमा सबैभन्दा बढी जल सोचन हुने भएकाले बाढी लगायतका प्रकोप न्यूनीकरणमा समेत उल्लेख्य भूमिका निर्वाह गरिरहेका हुन्छन् । तर पछिल्ला वर्षहरूमा अव्यवस्थित शहरीकरण, अतिक्रमण, प्रदूषण, जलवायु परिवर्तन र कमजोर कार्यान्वयनका कारण नेपालका धेरै सिमसार क्षेत्र संकटमा परिरहेका छन् । यो अत्यन्त दुखद् हो । विश्व सिमसार दिवस नेपालका लागि केवल औपचारिक कार्यक्रम गर्ने अवसर मात्र होइन, आत्मसमीक्षा गर्ने दिन पनि हो । नीति, योजना र कानुन त बनेका छन्, तर स्थानीय तहसम्म प्रभावकारी कार्यान्वयन कमजोर देखिन्छ । समुदायको सहभागिता बिना सिमसार संरक्षण सम्भव छैन । मुलुकभर रहेका सिमसार क्षेत्रहरुको पूर्ण विवरण संकलन गरी प्राथमिकता र सम्भाव्यता अनुसार तिनको अध्ययन, संरक्षण र सदुपयोगका लागि सम्बन्धित सबै निकाय सक्रिय हुनु अत्यावश्यक छ । सिमसार क्षेत्रको व्यापक महत्व र उपयोगितालाई आत्मसात गर्दै यसको संरक्षण र संवर्द्धनमा यथोचित ध्यान दिनुपर्छ । सिमसार संरक्षण र यसको दिगो उपयोगमा रैथाने समुदाय, सरोकारवाला निकाय,संरक्षणकर्मी र आम सर्वसाधारणसँग सहकार्य गरी पूर्णरुपमा सिमसारमा आश्रित समुदायलाई वैकल्पिक आयआर्जनतर्फ पनि उन्मूख गराउनुपर्छ । यसो गर्न सकियो भने मात्र यो दिवसको सान्दर्भिकता देखिन्छ ।

## Opinion @ Socia Network

कुरा इज्जतको होइन सम्बन्धको थियो त्यसैले झुके
नत्र कहाँ झुक्नुपर्छ र कहाँ थुक्नुपर्छ राम्ररी थाहाँ छ मलाई ।
*(हर्ख ब.हमालको फेसबुक स्टाटसबाट www.facebook.com/Harkha.Hamal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नेपालमा गरिबी घटे पनि असमानता र क्षेत्रीय खाडल किन बढ्दैछ ?



## राकेश कर्ण

२१ फागुन २०८२ को सैीय निर्वाचनको सँघारमा रहेका राजनीतिक दलहरू तीव्र विकास र स्थिरताको पुरानै बाचा सहित जनतामाझ पुगिरहेका छन ्। तर, यी चुनावी नाराहरूभित्र लुकेको एउटा तितो सत्य हो: नेपालले गरिबी त घटाएको छ, सँगसँगै असमानता र क्षेत्रीय खाडल झन् फराकिलो बन्दै गएको छ । विकासको लाभबाट सीमान्तकृत समुदाय अझै पनि वञ्चित छन् । यो विरोधाभासपूर्ण समस्यालाई चिर्न सक्दा मात्र अब बन्ने सरकारको सफलता अन्तरनिहित हुनेछ । **विरोधाभास: साझा समृद्धि विनाको आर्थिक वृद्धि**

सुरुआती हेराइमा तथ्याङ्कहरू उत्साहजनक देखिन्छन् । विगत १५ वर्षमा नेपालको गरिबीको दर नाटकीय रूपमा घटेको छ। सन् २०२२-२३ मा सम्पन्न नेपाल जीवनस्तर सर्वेक्षण चौथो विधि अनुसार, २०.२७ प्रतिशत अर्थात् लगभग ५ जनामध्ये १ नेपाली गरिबीको रेखा मुनि रहेको छ, जुन सन् २०१०-११ मा २५.१६ प्रतिशत थियो। वास्तविक सङ्ख्यामा हेर्दा, विगत १२ वर्षमा मात्रै झण्डै ९० लाख मानिस गरिबीबाट मुक्त भएका छन् । स्वास्थ्य, शिक्षा र जीवनस्तरमा हुने वञ्चितीकरणलाई एकैसाथ मापन गर्ने बहुआयामिक गरिबी सन् २००६ मा कुल जनसङ्ख्याको ५८.३ प्रतिशत रहेकोमा सन् २०२२ सम्म आइपुग्दा १६.४ प्रतिशतमा झरेको छ । पूर्वाधार सुधारको कथा पनि उस्तै छ । गरिबहरूमाझ विद्युत्को पहुँच नभएकाहरूको सङ्ख्या ४०.४ प्रतिशतबाट घटेर १.९ प्रतिशतमा झरेको छ भने खानेपानीको वञ्चितीकरण १६.३ प्रतिशतबाट १.२ प्रतिशतमा सीमित भएको छ । तथापि, यी उपलब्धिहरूले एउटा गहिरो र चिन्ताजनक पक्षलाई पर्दाभित्रै लुकाएको छ । सन् २०१५ र २०१६ को बीचमा गरिबी २०.६ प्रतिशतबाट बढेर २७ प्रतिशत पुग्यो । यसबीचमा नेपालले विनाशकारी भूकम्प र भारत-नेपाल सीमा नाकाबन्दीको सामना पनि गरेको थियो। यसले झण्डै २० लाख मानिसलाई पुन: गरिबीको भुमरीमा धकेल्यो र कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को वृद्धिलाई ०.४ प्रतिशतमा खुम्च्याइदियो । यसले एक मौलिक कमजोरीलाई उजागर गरेको छ- युवा बेरोजगारीमा हुने १ प्रतिशतको वृद्धिले दक्षिणएशियाको प्रतिव्यक्ति जीडीपी वृद्धिदरलाई औसतमा ०.२० प्रतिशतले घटाउँछ र बेरोजगारी १७ प्रतिशत नाघ्दा यो गिरावट ०.३० प्रतिशतसम्म पुग्छ । वैदेशिक रोजगारीका क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बाहिरिँदै नेपाली युवाहरू । आधारभूत रूपमा, आर्थिक वृद्धि साझा समृद्धिमा रूपान्तरण हुनसकेको छैन। आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ्य उत्पादन ( जीडीपी) अनुमानित ४.६१ प्रतिशतले विस्तार भयो, जुन अघिल्लो आर्थिक वर्ष २०८०/८१ को ३.७ प्रतिशतभन्दा बढी हो। यस वृद्धिका बाबजुद, प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,४५६ अमेरिकी डलरबाट सामान्य वृद्धि भई १,५१७ डलर पुगेको छ अर्थात् प्रति व्यक्ति वार्षिक जम्मा ६१ डलर मात्र । गम्भीर पक्ष के छ भने, गरिबी घटे पनि असमानताको अवस्था भने स्थिर छ वा झन् बिग्रँदै गएको छ । उपभोगमा आधारित असमानताको मानक मापन- गिनी गुणाङ्क (गिनी कोफिसियन्ट)- ०.३० मा अडिएको छ र यसमा वर्षौंदेखि कुनै सुधार आएको छैन । यसले सम्पत्तिको वितरणमा शून्य प्रगति भएको सङ्केत गर्छ । आयमा आधारित असमानता झन् खराब भएको छ, जहाँ आय गिनी गुणाङ्क सन् २०१०-११ को ०.४९ बाट बढेर २०१९ सम्ममा ०.५८ पुगेको छ । अझ डरलाग्दो कुरा के छ भने, सबैभन्दा धनी १० प्रतिशत र सबैभन्दा गरिब ४० प्रतिशतको आयलाई तुलना गर्ने 'पाल्मा रेसियो' १.३:१ को अवस्थामा छ । यसको अर्थ नेपालका माथिल्ला १० प्रतिशत धनीहरूले पुछारका ४० प्रतिशत गरिबहरूको संयुक्त आयभन्दा १.३ तीन गुणा बढी कमाउँछन् । जब आयको सट्टा सम्पत्तिको आधारमा मापन गरिन्छ, यो असमानता अझै चरम देखिन्छ । सबैभन्दा धनी १० प्रतिशतसँग सबैभन्दा गरिब ४० प्रतिशतको तुलनामा २६ गुणा बढी सम्पत्ति छ । सम्पत्तिको गिनी गुणाङ्क ०.७४ पुगेको छ, जसले सम्पत्तिको चरम केन्द्रीकरणलाई प्रतिनिधित्व गर्दछ । धनीहरूले विप्रेषणलाई जग्गा, व्यवसाय र भविष्यमा आय आर्जन हुने सम्पत्तिमा लगानी गर्छन्ह तर गरिबहरूले भने यसलाई जीवन निर्वाहका लागि उपभोगमै खर्च गर्छन् । विश्व बैंकले आफ्नो 'नेपाल कन्ट्री इकोनोमिक मेमोरान्डम २०२५' मा निष्कर्ष निकालेको छ, 'विप्रेषणले निजी उपभोग बढाउन र गरिबी घटाउन मद्दत गरे तापनि, यसले प्रमुख आर्थिक क्षेत्रहरूमा ठोस रोजगारी सिर्जना वा उत्पादकत्व वृद्धिमा भने योगदान पुर्‍याउन सकेको छैन ।' यसको परिणामस्वरूप, नेपाल यस्तो देश बनेको छ जहाँ घरपरिवारको गरिबी त घट्छ तर संरचनागत असमानता झन् गहिरिन्छ- यस्तो विकास मोडेललाई कुनै पनि हालतमा 'सफल' भन्न सकिँदैन । बहिष्करणको भूगोल: एउटै देश, फरक नियति यो असमानताको क्षेत्रीय खाडलमा सबैभन्दा टड्कारो रूपमा देखिएको छ, जसले नेपालभित्र बढ्दो आन्तरिक विचलन (इन्टर्नल डाइभर्जेन्स) उजागर गर्छ । सन् २०२२-२३ को चौथो नेपाल जीवनस्तर सर्वेक्षण (एनएलएसएस-आईभी) ले एउटा भयावह चित्र प्रस्तुत गरेको छ: सुदूरपश्चिम प्रदेशले सबैभन्दा गहिरो गरिबीको संकट झेलिरहेको छ, जहाँ गरिबीको दर ३४.१६ प्रतिशत छ। यसको अर्थ सुदूरपश्चिममा करिब प्रत्येक तीनमध्ये एक जना गरिब छन्, जबकि राष्ट्रिय स्तरमा यो संख्या करिब पाँचमध्ये एक मात्र छ । अर्को शब्दमा भन्नुपर्दा, सुदूरपश्चिमको गरिबीको दर राष्ट्रिय औसतको तुलनामा झन्डै डेढ गुणा बढी छ । नेपालको कुल जनसंख्याको जम्मा ८.३२ प्रतिशत मात्र हिस्सा ओगट्ने यो सुदूरपश्चिम प्रदेशले देशको कुल गरिब संख्याको भने १४.०२ प्रतिशत हिस्सा ओगटेको छ । यो केवल प्रादेशिक तथ्याङ्क मात्र नभई एउटा गम्भीर 'आर्थिक आपतकाल' हो । कर्णाली प्रदेश अझै पनि निरन्तरको वञ्चितीकरणको चक्रमा फसेको छ। २६.६९ प्रतिशत आय गरिबीका साथ कर्णाली लगभग हरेक विकास सूचकमा पछाडि छ । विद्युत् पहुँच सुधारिएर करिब ७५ प्रतिशत पुगे तापनि, बागमती र गण्डकीको तुलनामा यो अझै पनि ऊर्जाको दृष्टिले सबैभन्दा असुरक्षित प्रदेश हो । यहाँको साक्षरता दर ६२.७ प्रतिशत छ, जबकि राष्ट्रिय औसत ७६.२ प्रतिशत रहेको छ । प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन ( जीडीपी) करिब १,०८९ अमेरिकी डलर छ, जुन देशकै सबैभन्दा कम र राष्ट्रिय औसत भन्दा निकै तल हो । कर्णालीको उत्पादन क्षेत्र अत्यन्तै सानो छ, जसले दशकौंदेखिको योजनाबद्ध लगानीको अभाव र काठमाडौंमा मात्र केन्द्रित आर्थिक गतिविधिलाई प्रतिविम्ब गर्दछ । गरिबी र क्षेत्रीय असमानताका तथ्याङ्कहरूले एउटा झन् गहिरो संकटलाई ओझेलमा पारेका छन् त्यो हो, केन्द्रीकृत र 'सबैलाई एउटै डालोमा राख्ने' (वन-साइज-फिट्स-अल) नीतिहरूका माध्यमबाट नेपालका अति सीमान्तकृत नागरिकहरूको व्यवस्थित बहिष्करण । यस्ता नीतिहरूले नेपालको विविधतापूर्ण जनसङ्ख्यालाई एउटै स्वरूपको मान्ने गल्ती गर्छन् । नेपालमा १४२ जातजाति र १२४ मातृभाषाहरू छन् । तैपनि विकास नीतिहरूले 'गरिब', 'महिला' वा 'सीमान्तकृत समुदाय' लाई एउटै समरूप वर्गका रूपमा व्याख्या गर्छन् । तर वास्तविकता त्यस्तो छैन । कर्णालीकी एक दलित महिला र काठमाडौंकी एक उच्च जातकी महिला दुवै गरिबीमा रहे पनि उनीहरूले सामना गर्ने अवरोधहरू पूर्णत: फरक हुन्छन ्। कर्णालीकी दलित महिलाले खानेपानीका स्रोतमा जातका कारण विभेदपूर्ण पहुँच, सामाजिक बहिष्करण, ज्यालामा लैङ्गिक विभेद, भौगोलिक विकटता, भूमिको असुरक्षा र पितृसत्तात्मक मान्यताका कारण हिंडडुलमा प्रतिबन्ध जस्ता समस्याहरू एकैसाथ भोग्नुपर्छ । यी सबैले एकअर्कालाई झन् बलियो बनाउँछन्, जसलाई महिला सशक्तीकरणका सामान्य कार्यक्रमले सम्बोधन गर्न सक्दैनन् । मधेशी महिलाहरूले भौगोलिक सीमान्तकरण, भाषिक विभेद (नेपाली भाषा नबोल्नेहरू प्राय: सरकारी सेवा र उच्च शिक्षाबाट वञ्चित हुन्छन्), पितृसत्तात्मक विवाह प्रणाली, भूमि असुरक्षा र आर्थिक जोखिमको जटिल मिलनबाट सिर्जित छुट्टै अवरोधहरू भोग्छन्। जब सीप विकास, लघुवित्त वा वित्तीय समावेशीकरणका योजनाहरू यी विशिष्ट मधेशी सन्दर्भलाई नबुझी काठमाडौंमा बनाइन्छन्, ती मधेशी महिलासम्म पुग्न वा उनीहरूलाई लाभान्वित गर्न निश्चित रूपमा असफल हुन्छन् । त्यसैगरी, आरक्षण (सकारात्मक विभेद) का नीतिहरू- सदिच्छाका साथ ल्याइए पनि- यसले सीमान्तकृत समुदायभित्रका 'हुनेखाने वर्ग' (क्रिमी लेयर) लाई मात्र असमान रूपमा फाइदा पुर्‍याएका छन् । यो समस्या पारदर्शी र क्षितिजीय छनोट संयन्त्र तथा जवाफदेहीको अभावबाट उत्पन्न भएको हो । निजामती सेवाका कोटा, छात्रवृत्ति र ऋण कार्यक्रमहरू भूमिहीन दलित वा किसानभन्दा शहरिया र शिक्षित दलित, जनजाति र मधेशी उम्मेदवारहरूको पहुँचमा सजिलै पुग्छन् । किनभने लाभार्थी छनोट प्रक्रिया अझै पनि अपारदर्शी छ र सामुदायिक सहभागिता विना केन्द्रीकृत कर्मचारीतन्त्रको नियन्त्रणमा छ । पारदर्शी मापदण्ड, सहभागीमूलक लाभार्थी छनोट प्रक्रिया, वा छनोट समितिहरूमा सीमान्तकृत समुदायको वास्तविक विविधता झल्किने संयन्त्रको अभावमा, पिछडिएका समूहभित्रका पहुँचवाला र साधन-स्रोत सम्पन्न व्यक्तिहरूले नै आफ्ना सञ्जाल, शिक्षा र सामाजिक पूँजीको प्रयोग गरी अवसरहरूमा कब्जा जमाउँछन् । नेपालका नागरिकहरू- विशेषगरी मधेश, कर्णाली, सुदूरपश्चिम र जतातत्तैका ग्रामीण भेगहरूमा अझै पनि गरिबी, जोखिम र बहिष्करणमा बाँचिरहेका लाखौं जनता- अत्यन्तै उत्सुकताका साथ नियालिरहेका छन् । उनीहरू हेरिरहेका छन् कि २०८२ फागुन (मार्च २०२६) को निर्वाचनले फेरि पनि अधुरा आश्वासनहरूको अर्को चक्र मात्रै पैदा गर्छ वा समतामूलक र समावेशी विकासका लागि एउटा वास्तविक प्रस्थानविन्दु बन्छ । उनीहरू हेरिरहेका छन् कि राजनीतिक दलका चुनावी घोषणापत्रहरूले सीमान्तकृत समुदायलाई केन्द्रमा राख्ने 'बहुआयामिक' ( इन्टरसेक्सनल) नीतिहरूप्रति स्पष्ट प्रतिबद्धता जनाउँछन् वा 'महिला सशक्तीकरण' र 'गरिब समावेशीकरण' जस्ता ती पुराना र सतही बाचाहरूमा खुम्चिन्छन् जसले ऐतिहासिक रूपमा विद्यमान सामाजिक विभेदलाई नै निरन्तरता दिंदै आएका छन् । राजनीतिक दलका घोषणापत्रहरू र नयाँ सरकारका प्रारम्भिक नीतिगत कदमहरूले यी प्रश्नहरूको जवाफ दिनेछन् । मतदाताहरूलाई अस्पष्ट बाचा मात्र होइन, बरु ठोस लक्ष्य, समयसीमा र जवाफदेहीको संयन्त्र माग गर्ने पूर्ण अधिकार छ। सञ्चारमाध्यमले यी प्रतिबद्धताहरूको खोजी र खबरदारी गर्नुपर्छ। नागरिक समाजले जनतालाई आफ्नो सहभागिता र प्रतिफलको अधिकारका लागि सङ्गठित गर्नुपर्छ । विगत १५ वर्षमा नेपालले हासिल गरेका उपलब्धिहरू वास्तविक छन्, तर ती अत्यन्तै संवेदनशील र जोखिमपूर्ण पनि छन्। बहुआयामिक र समुदाय-नेतृत्वको दृष्टिकोणबाट गरिबी र असमानताको अन्तरसम्बन्धलाई सम्बोधन नगरी- र अवसरहरू पहुँचवालासम्म मात्र होइन, सीमान्तकृत समूहका अति गरिब सदस्यहरूसम्म पुग्ने पारदर्शी र जवाफदेही संयन्त्र नबनाई- यी उपलब्धिहरू गुम्नेछन्, असमानता अझ गहिरिनेछ र राजनीतिक अस्थिरता पुन: फर्कनेछ। अहिलेको जोखिम निकै ठूलो छ । यो घडीलाई अब ढिलाइ गर्न सकिँदैन । निर्वाचनको समय यही हो । ***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रेष्टरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** :कुराकानीले मन हलुका बनाउनेछ। पुराना कुरा सम्झेर निर्णय गर्दा फाइदा हुनेछ।
**वृष** : सम्पर्कले धेरै कुरा स्पष्ट बनाउने दिन हो। सूचना काम लाग्न सक्छ।
**मिथुन** : जोडिएका विषयले ध्यान तान्न सक्छ। प्रेम सम्बन्ध सुमधुर रहनेछ।
**कर्कट** : निर्णय केन्द्रमा रहने दिन हो। नयाँ सुरुवातको सोच आउन सक्छ।
**सिंह** : एकान्त मन पर्ने दिन हो। अधुरा काम वा पुराना विषय मनमा खेल्न सक्छ।
**कन्या** : सम्बन्ध सुखद् रहनेछ। साझा विचार र सहकार्यले उत्साहित बनाउने छ।
**तुला** : अपेक्षा दुवै बढ्न सक्छन्। गम्भीर हुँदा सम्मान मिल्ने देखिन्छ।
**वृश्चिक** : सोच फराकिलो बनाउने दिन हो।अनुभवले मन प्रफुल्ल बनाउनेछ।
**धनु** : भित्री कुरा सतहमा आउन सक्छन्। भावनात्मक उतारचढाव सम्भव छ।
**मकर** : आपसी समझदारीमा ध्यान जाने दिन हो। कार्यसम्पादन गरेमा सफलता मिल्नेछ।
**कुम्भ** : जिम्मेवारी अलि भारी लाग्न सक्छ। मन दुवैलाई आराम दिनु आवश्यक।
**मीन** : भावनाको सुन्दर संगम देखिन्छ। मन लागेको कुरा व्यक्त गर्न मन लाग्नेछ।

## शिक्षा

# अतिरिक्त क्रियाकलापलाई शैक्षिक अङ्कभार



त्रिभुवन विश्वविद्यालयका विद्यार्थीले अब शैक्षिक प्रमाणपत्रमा पढाइसँगै उनीहरूले गरेका अतिरिक्त क्रियाकलापमा देखाएको प्रतिभा र योगदानको समेत अङ्क प्राप्त गर्ने भएका छन् । विश्वविद्यालयले देशमै पहिलोपटक अतिरिक्त क्रियाकलापलाई औपचारिक रूपमा शैक्षिक अङ्कभार (एकाडेमिक क्रेडिट)मा समावेश गर्ने नीति अघि सारेको छ । विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक डा दीपेन्द्र पराजुलीका अनुसार विद्यार्थीले सामाजिक सेवा, विपद् व्यवस्थापन, खेलकुद, ललितकला, विज्ञान-प्रविधि, नवप्रवर्तन, उद्यमशीलता तथा व्यवस्थापनजस्ता क्षेत्रमा उत्कृष्ट प्रदर्शन गरेमा त्यसको मूल्याङ्कन गरी शैक्षिक प्रमाणपत्रमै अङ्कका रूपमा समावेश गरिनेछ । उनले भने, "विद्यार्थीले विश्वविद्यालयभित्र वा बाहिर प्रतियोगिता, कार्यक्रम वा अवसरमा उत्कृष्ट प्रदर्शन गरेको प्रमाणपत्र पेस गरेकै भरमा अङ्क प्रदान गरिँदैन । त्यसअघि विद्यार्थीको सम्पूर्ण गतिविधि केन्द्रीय संयन्त्रमार्फत अनुगमन, अभिलेखीकरण र प्रमाणीकरण गरिनेछ ।" यस प्रयोजनका लागि प्रत्येक क्याम्पसस्तरमा राष्ट्रिय सेवा योजना, राष्ट्रिय सेवा दल, उपकुलपति कप खेलकुद, ललितकला तथा विज्ञान, नवप्रवर्तन, प्रविधि र उद्यमशीलता कार्यक्रमका संयोजकहरूले हरेक सेमेस्टरमा विद्यार्थीको सहभागिता, संलग्न समय (घण्टा) तथा कार्यसम्पादनसम्बन्धी आधिकारिक अभिलेख पेस गर्नुपर्ने व्यवस्था गरिएको छ । ती विवरणहरू त्रिभुवन विश्वविद्यालयको विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयबाट प्रमाणीकरण र स्वीकृत गरिनेछ । साथै, विद्यार्थीका सम्पूर्ण गतिविधि, सहभागिता घण्टा र प्राप्त क्रेडिट अङ्क अभिलेख गर्न केन्द्रय डिजिटल प्रणाली विकास गरिनेछ । गुगल फर्म/गुगल सिटमा आधारित एकीकृत ड्यासबोर्डमार्फत विद्यार्थीगत रूपमा आर्जित क्रेडिट, कार्यक्रमअनुसार आवश्यक घण्टा पूरा गरेका विद्यार्थी तथा क्याम्पसहरूबीचको तुलनात्मक अवस्था स्पष्ट रूपमा देखिनेछ । केन्द्रीय रूपमा अनुगमन र प्रमाणीकरण भइसकेपछि मात्र विद्यार्थीले पेस गरेको प्रमाणपत्रका आधारमा प्राप्त उपलब्धि उनीहरूको शैक्षिक प्रमाणपत्रमा अङ्कका रूपमा समावेश गरिनेछ । यस नीतिबाट विद्यार्थीको समग्र ग्रेड वृद्धि हुनेमात्र नभई विभिन्न क्षेत्रमा लुकेका प्रतिभाको पहिचान, विकास र संस्थागत प्रोत्साहनमा ठूलो सहयोग पुग्ने डा पराजुलीले बताए । विश्वविद्यालयले शैक्षिक कार्यक्रममा समावेश गरिसकेको राष्ट्रिय सेवा योजना, राष्ट्रिय सेवा दल, उपकुलपति कप खेलकुद, ललितकला तथा आइटिएई कार्यक्रमअन्तर्गत उत्कृष्ट प्रदर्शन गर्ने विद्यार्थीहरू यस प्रणालीबाट प्रत्यक्ष लाभान्वित हुनेछन् । त्यसैगरी, हरेक केन्द्रीय विभागमा उत्कृष्ट अङ्क प्राप्त गर्ने विद्यार्थीलाई शिक्षण सहायक वा अनुसन्धान सहायकका रूपमा नियुक्त गरी विश्वविद्यालयभित्रै सेवा गर्ने अवसर प्रदान गर्ने नीति पनि अघि सारिएको छ । साथै, विश्वविद्यालय बाहिर विभिन्न विधामा उत्कृष्टता प्रदर्शन गरेका विद्यार्थीलाई भर्ना प्रक्रियामा विशेष सुविधा प्रदान गर्ने व्यवस्थासमेत प्रस्ताव गरिएको छ । यस सम्बन्धमा अवधारणापत्र तयारीको चरणमा रहेको जानकारी दिँदै डा पराजुलीले उक्त नीति प्राज्ञिक परिषद्बाट पारित भएपछि औपचारिक रूपमा कार्यान्वयनमा आउने बताए । "देशमै पहिलोपटक अतिरिक्त क्रियाकलापलाई शैक्षिक अङ्कभारमा समावेश गर्दैछौँ", उनले भने । *-रासस*

# पञ्चैबाजा संरक्षणमा जुटे विद्यार्थी



ढोरपाटन (बागलुङ), बागलुङमा विद्यालयस्तरबाटै मौलिक पन्चैबाजा संरक्षण गर्न थालिएको छ । बाजा बजाउने प्रचलन सङ्कटमा पर्न थालेपछि यसको संरक्षण गर्न जिल्लाका विभिन्न विद्यालय जागरुक भएका छन् । कतिपय विद्यालयले बाजा खरिद गरेर सिकाउन थालेका छन् । बागलुङ नगरपालिका-१२ पैयुँपाटास्थित त्रिभुवन माध्यमिक विद्यालयका विद्यार्थीले दुई वर्षदेखि निरन्तर बाजा बजाउँदै आएका छन् । उनीहरुले विद्यालयमा हुने कार्यक्रम र विभिन्न मेला पर्वमा बजाउने गर्छन् । विद्यालयले रु एक लाख ५० हजारमा बाजा खरिद गरेर विद्यार्थीलाई सिकाउँदै आएको प्रधानाध्यापक कृष्णप्रसाद पौडेलले जानकारी दिए । विद्यालयका शिक्षक थमबहादुर परियारले बाजा बजाउन सिकाउनु हुन्छ । कक्षा ४ देखि १२ सम्म अध्ययनरत विद्यार्थीले बाजा बजाउने गरेको प्रअ पौडेलले बताए । उनले भने, "विद्यार्थीलाई गाउँघरमा हुने परम्परागत पेसाप्रति आकर्षित गराउनुपर्छ र मौलिक संस्कृतिको जगेर्ना गर्नुपर्छ भन्ने उद्देश्यले हामीले पन्चैबाजा संरक्षणमा जोड दिएका हौँ, पढाइसँगै अतिरिक्त क्रियाकलाप पनि भएको छ ।" त्यसैगरी बागलुङ नगरपालिका-८ स्थित सिगाना माध्यमिक विद्यालयका विद्यार्थी पनि पन्चैबाजा संरक्षणमा जुटेका छन् । कक्षा ३ देखि १० सम्मका विद्यार्थीले पढाइसँगै बाजा बजाउन सिकिरहेका छन् । विद्यालयमा करिब १५ जना विद्यार्थीले अहिले बाजा बजाउने गर्छन् । शिक्षक रामबहादुर नेपालीले बाजा बजाउन सिकाउँदै आउनु भएको छ । विद्यार्थीले चासो दिएपछि बाजा बजाउन सिकाउन थालेको शिक्षक नेपालीले बताए । एक दशक अगाडिसम्म गाउँमा पन्चै बाजा बजाउने धेरै समूह भए पनि पछिल्लो समय एउटा समूह बनाउन सक्रिय छैन । विवाह, ब्रतबन्ध र सार्वजनिक मेला महोत्सवमा पन्चैबाजाको माग भने धेरै छ । त्रिभुवन माध्यमिक विद्यालयको कक्षा ८ मा अध्ययनरत छात्र सक्षम परियारले पुर्ख्यौली पेसा र संस्कृतिलाई संरक्षण गर्न आवश्यक रहेको बताए । घरमा बाउबाजेले बजाउँदा अलिअलि जानेको उनले विद्यालयमा शिक्षकले सिकाउन थालेपछि पूर्ण रूपमा जान्ने भएको बताए । बागलुङ नगरपालिकासहित गलकोट, बडिगाड, बरेङलगायतका स्थानीय तहमा रहेका विद्यालयहरुले पनि विद्यालयमा बालबालिकालाई बाजा बजाउन सिकाउन थालेका छन् । *-रासस*

# सामुदायिक विद्यालयमा बालबालिका भर्ना उल्लेख्य वृद्धि



विगतका वर्षहरूमा भन्दा आगामा शैक्षिक शत्रका लागि काठमाडौँ महानगरपालिकाको सामुदायिक विद्यालयमा भर्ना हुन आउने नयाँ बालबालिकाको सङ्ख्यामा उल्लेख्य वृद्धि भएको छ । सरस्वती पूजाका दिन काठमाडौँ महानगरभित्रका सामुदायिक विद्यालयमा एक हजार ११५ जना नयाँ बालबालिकाको अक्षरारम्भ गरेका कामपा शिक्षा विभागले शिक्षा विभागका निमित्त प्रमुख केशव ज्ञवालीले जानकारी दिए । उनका अनुसार गएको वर्षभन्दा यस वर्ष १४४ जना बढी बालबालिकाले अक्षरारम्भ गरेका छन् । काठमाडौँ महानगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा सरस्वती पूजाको अवसर पारेर यस वर्ष एक हजार ११५ जना बालबालिकाले अक्षरारम्भ गरेका छन् । यसरी अक्षरारम्भ गर्नेहरूमा ५२५ जना छात्रा र ५९० जना छात्र छन् । यो सङ्ख्या गएको वर्षभन्दा १४४ जनाले बढी हो । गएको वर्ष यस दिन ९७१ जना बालबालिकाले अक्षरारम्भ गरेका थिए । महानगरपालिकाभित्र ८७ वटा सामुदायिक विद्यालय छन् । यीमध्ये कारागारभित्रका विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा (इसिडी) छैनन् । बाँकी विद्यालयहरूमा छन् । अक्षरारDe कार्यक्रमअन्तर्गत ज्ञानोदय माध्यमिक विद्यालयमा सहभागी हुँदै महानगरपालिकाका कार्यवाहक प्रमुख सुनिता डङ्गोलले, बालमैत्री वातावरणमा उनीहरूको सर्वाङ्गीण विकासको जग बलियो बनाउने कामलाई महानगरपालिकाले प्राथमिकता राखेको उल्लेख गरिन् । "सामुदायिक विद्यालयहरूबाट प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्ने नतिजाका लागि नीति, योजना तथा कार्यक्रम तर्जुमा गरिएको, स्रोध, साधन र उपकरणमा लगानी बढाइएको, मानव संशाधन विकासमा जोड दिएका छौँ । यसबाट विद्यालयहरूबाट उत्कृष्ट नतिजा प्राप्त हुनेछ," उनको भनाइ थियो । धेरै बालबालिकाले अक्षरारम्भ गरेका विद्यालयमध्ये ज्ञानोदय माध्यमिक विद्यालय वाफलमा ८७ जना, नीलबाराही माध्यमिक विद्यालय, टङ्केश्वरमा ५० जना र भानु माध्यमिक विद्यालय, रानीपोखरीमा ४२ जना छन् । प्रारम्भिक बाल विकास कक्षाहरूमा बाल केन्द्रित सिकाइको स्तर वृद्धि गर्न महानगरपालिकाले विद्यार्थी सङ्ख्याका आधारमा प्रारम्भिक बाल विकास सहजकर्ता व्यवस्थापन गरेका कारण प्रारम्भिक बाल विकास कक्षामा बालबालिकाको आकर्षण बढेको हो । निमित्त प्रमुख ज्ञवालीका अनुसार अक्षरारम्भ गरेका बालबालिका नियमित विद्यालय आउन चाहेमा कक्षा कोठाको प्रबन्ध गरिएको छ । नियमित कक्षाका लागि भर्ना भने वैशाख महिनामा हुनेछ । *-रातोपाटी डटकम*


**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**पाल्पा अस्पताल तानसेन, पाल्पा**

**एम्बुलेन्स खरिद गर्ने सम्बन्धीको सूचना**

**सूचना प्रकाशित मिति :- २०८२/१०/१८**

यस कार्यालयमा १ (एक) थान एम्बुलेन्स खरिद गर्न आवश्यक भएकोले सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा (१) (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम ३१ (ख) बमोजिम एम्बुलेन्स उत्पादक **(Manufacturer)** कम्पनी वा सो को आधिकारिक विक्रेता **(Importer)** हरु वीच प्रतिस्पर्धा गराई क्याटलग सपिङ्ग **(Catalogue Shopping)** विधिवाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम (२) अनुसार संलग्न स्पेशिफिकेशन अनुसारको एम्बुलेन्स विक्री गर्न चाहने उत्पादक **(Manufacturer)** वा आधिकारीक विक्रेता **(Importer)** हरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आवश्यक कागजात सहित कार्यालय समय भित्र प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विस्तृत स्पेशिफिकेशनको लागि यस कार्यालयको website: https://palpahospital.lumbini.gov.np/** बाट डाउनलोड गर्न सकिने छ ।

**प्रस्तावकर्ताले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :**

१.नवीकरण गरिएको फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी ।
२.मूल्य अभिवृद्धि कर **(VAT)** दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
३.आ.व. २०८१/०८२ को करचुक्ता प्रमाण पत्र वा म्याद थप भएको प्रमाणित कागजात ।
४.खरिद सम्बन्धी कारवाहीमा नपरेको स्व.घोषणा पत्र ।
५.**Technical Specification** प्रमाणित गर्ने रंगिन ब्रोसर **(Catalogue)** ।
६.आफ्नो माल सामानको बजार मूल्य प्रमाणित गर्ने कागजात (पत्रिकामा प्रकाशित भएको वा कम्पनीको लेटर प्याडमा आधिकारीक व्यक्तिले सहिछाप गरी प्रमाणित गरेको कागजात) ।
७.**Warranty** वा **Guarantee** सम्बन्धित कागजातहरु ।
८.यस कार्यालयलाई सम्बोधन गरी लेखिएको सम्बन्धित उत्पादकले प्रदान गरेको **Manufacturers Authorization letter.**
९.कार्यालयबाट जारी भएको **Techinical Specification** भरि पेश गर्नुपर्ने छ ।

**नि.मेडिकल सुपरिटेण्डेण्ट**
**पाल्पा अस्पताल, तानसेन-पाल्पा**

# आज विश्व सिमसार दिवस मनाइँदै




**पाल्पा,** माघ १८/आज विश्व सिमसार दिवस विभिन्न सचेतनामूलक कार्यक्रम गरी मनाइँदै छ । तीव्र गतिमा भइरहेको सिमसार क्षेत्रको ह्रास रोक्नका लागि जनचेतना बढाउने तथा सिमसार क्षेत्रको संरक्षण र पुनःस्थापनाको प्रवर्द्धन गर्ने उद्देश्यले हरेक वर्षको फेब्रुअरी २ मा यो दिवस मनाइँदै आइएको हो ।

संयुक्त राष्ट्रसैले सन् २०२१ अगष्ट ३० मा प्रत्येक वर्षको फेब्रुअरी २ मा दिवस मनाउने निर्णय गरेको थियो । सन् १९७१ मा क्यास्पियन समुद्रको किनारमा रहेको इरानको सहर रामसारमा आयोजित अन्तर्राष्ट्रिय महत्वको सिमसारसम्बन्धी महासन्धिको अङ्गीकार गरिएको दिनको सम्झनामा दिवस मनाउने गरिन्छ । संरक्षित क्षेत्रहरूको घोषणा, प्रभावकारी नीतिको कार्यान्वयन र ज्ञान आदान प्रदानमार्फत उक्त महासन्धिले राष्ट्रहरूलाई आफ्ना जलाधार क्षेत्रहरूको संरक्षण र दिगो उपयोगका लागि आवश्यक कदम उठाउन सक्षम बनाउने उद्देश्यले दिवस मनाइने गरिएको छ । कुल एक सय ७२ राष्ट्रले अङ्गीकार गरेको यस महासन्धिमा सहभागी हुने देशले अन्तर्राष्ट्रिय महत्वका सिमसार क्षेत्रको सूची (रामसार क्षेत्र)मा कम्तीमा एउटा जलाधार समावेश गर्नैपर्ने नियम छ । हाल नेपालको कोशी टप्पु वन्यजन्तु आरक्ष, राराताल, माईपोखरी, फोक्सुण्डो ताल, बिसहजारी ताल, घोडाघोडी ताल, गोसाइँकुण्ड ताल, गोक्यो ताल, जगदीशपुर जलासय र पोखरा उपत्यका तथा त्यस क्षेत्रका नौवटा तालको समूह रामसार सूचीमा समावेश छन् । सिमसार जैविक विविधताको दृष्टिले महत्वपूर्ण प्राकृतिकस्थल हो । सिमसारले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्ने भएकाले नै सरकारले पनि सिमसार क्षेत्रको संरक्षण कार्यलाई प्राथमिकतामा राखेको छ । सिमसार क्षेत्र पर्यावरण, जलचर, औषधि र कुन्दमूलका लागि उपयोगी मानिन्छ । सिमसारले बाढी, पहिरो, अतिवृष्टि अनि अनावृष्टिलाई पनि प्राकृतिक सुरक्षा दिन्छ । सिमसार क्षेत्रको दलदले माटोले विश्वका झण्डै ३ अर्ब जनसंख्याका लागि पुग्ने चामल उत्पादन हुने गरेको विभिन्न अध्ययनले देखाएका छन् । सिमसारको नष्ट गर्नु भनेको संसारले भोकमरीलाई निमन्त्रणा गर्नु जस्तै हुने यस क्षेत्रका विज्ञले बताएका छन् । यस्तै, सिमसार क्षेत्र चराका लागि बच्चा कोरल्न पनि उपयुक्त हुने अध्ययनले देखाएको छ । नेपालको करिब ६ प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ । सिमसार लाखौँ घुमन्ते चरा, माछा, उभयचर र बोटबिरुवाका लागि महत्वपूर्ण बासस्थान पनि हो । सिमसारले धेरै जनसमुदायका लागि जीवनयापनको आधार पनि प्रदान गरेको छ । नेपालका तराई, पहाड र हिमाली क्षेत्रहरूमा अन्तर्राष्ट्रिय महत्व बोकेका सिमसार क्षेत्र रहेका छन् ।

## पाल्पा अस्पताल...

..."म मेडिकल सुपरिटेण्डन मात्र होईन हाडजोर्नी विशेषज्ञ भएर पनि भवन अभावको कारण हाडजोर्नी विशेषज्ञ युनिट सञ्चालन गर्न सकेको छैन" अस्पतालका मेडिकल सुपरिटेण्डन डा. राजेन्द्र पौडेलले भने "अन्य विशेषज्ञ सेवा सञ्चालनको लाग पनि पुर्वाधार अभाव रहेको छ ।" चिकित्सकले अस्पतालमा आएका बिरामीलाई समय दिएर जाँच गर्न चाहन्छौँ, तर ठाउँकै अभावले त्यो सम्भव नभएको अर्का चिकित्सक विपिन पौडेलले बताए । यहाँ १६ वटा विभाग, मेडिकल सुपरिटेण्डन सहित ६४ जना विषय विशेषज्ञ चिकित्सक,६४ जना सरकारी कर्मचारीको दरवन्दी रहेको छ । सरकारी दरवन्दी अनुसार एक जना मेडिकल सुपरिटेण्डन बाहेक अन्य विषय विशेषज्ञ चिकित्सकहरु दरवन्दी खाली रहेको छ । हाल करार, छात्रबृत्ति गरी ५ जना चिकित्सकले विशेषज्ञ सेवा दिएका छन्। अस्पताल व्यवस्थापन समितिले समय सुहाउँदो जनशक्ति र सेवा विस्तार गर्न चाहँदा पनि भवन अभावको कारण रोकिएको छ । लुम्बिनी प्रदेशका ११ वटै जिल्ला अस्पतालमा अप्रेसन सेवा सञ्चालन भए पनि यहाँ भने भवन अभावकै कारण अप्रेसन सेवा सञ्चालन हुन सकेको छैन । अस्पतालमा आवश्यक भवन र कोठाको व्यवस्था नहुँदा दरवन्दी अनुसारको विशेषज्ञ सेवा समेत सञ्चालनमा कठिनाई आएको अस्पताल प्रशासन प्रमुख डोमराज अर्यालले बताए । छ विशेषज्ञ सेवा नै सञ्चालन नभएको स्थानमा विशेषज्ञ चिकित्सकहरु समेत आउन नखोज्ने अवस्था रहेको उनको भनाई छ । अस्पताल विकास समितिले भवन निर्माणका लागि पहल गरे पनि त्यो हुन सकेको छैन । अस्पतालको ८ रोपनी जग्गामा एक्काईसौ शताव्दीको सुविधा सम्पन्न बहुउद्देश्यीय भवन निर्माणका लागि प्रदेश र केन्द्र सरकारसँग कानुनी जटिला फुकुवाउन लागि परेको समितिका अध्यक्ष अजयमान कर्माचार्यले बताए । उनले भने "लुम्बिनी प्रदेश सरकारबाट पहाडी क्षेत्रमा १२ रोपनी जग्गाबाट, ८ रोपनी क्षेत्रफलमा ५० बेडको अस्पताल निर्माण गर्न सकिने कानुन पास भएकाले प्रदेशबाट विनियोजन भएको १ करोड ५० लाखबाट डिपिआर निर्माण गरी आगामी बर्षबाट अत्याधुनिक बहुउद्देश्यीय भवन निर्माण शुरु गर्ने गरी लागि परेका छौं ।" यस अघि भवन निर्माणको लागि पटक-पटक करोडौ बजेट आए पनि कानुनी जटिलाका कारण जग्गा उपलब्ध नहुँदा बजेट फिर्ता जाने गरेको छ । समितिले जनशक्ति र सेवा विस्तार गर्न चाहँदा पनि भवन अभावको कारण रोकिएको छ ।

## बागलुङमा झण्डै...

...काठेखोला गाउँपालिका-६ का किसान पशुपति कँडेलले अघिल्लो वर्ष छ लाखको सुन्तला बिक्री गरेकोमा यस वर्ष उत्पादन बढेको हुँदा आठ लाखमा बगाननै व्यापारीलाई दिएको बताए । सुन्तलाका लागि समयमै वर्षा हुँदा उत्पादन राम्रो भएको उनको भनाइ छ । अघिल्लो वर्ष औसा किराले झण्डै एक लाखको सुन्तला नष्ट गरी दिएको कँडेल बताउन्छन् । सोही गाउँका अर्का किसान लोकनाथ कँडेलले गत वर्ष १३ लाखको सुन्तला बिक्री गरेकोमा यस वर्ष १५ लाखमा बेचेको सुनाए । फल दिने बोट बढेको र मौसमले राम्रो साथ दिँदा उत्पादनमा वृद्धि भएको उनको भनाइ छ ।

*---रासस*

### खेलकुद समाचार

## तेस्रो विश्वविद्यालय खेलकुद प्रतियोगिता हुँदै



**काठमाडौँ,** माघ १८/तेस्रो विश्वविद्यालय खेलकुद प्रतियोगिता आउँदो बिहिवार र शुक्रवार हुने भएको छ । काभ्रेको धुलिखेलमा रहेको काठमाण्डौ विश्वविद्यालयमा प्रतियोगिताको उद्घाटन हुनेछ । राष्ट्रिय खेलकुद परिषद्को आयोजना तथा काठमाण्डौ विश्वविद्यालय, नेपाल इन्टरनेसनल इभेन्ट्स म्यानेजमेन्ट प्रालि र त्रिभुवन विश्वविद्यालयको सह-आयोजनामा तेस्रो विश्वविद्यालय खेलकुद प्रतियोगिता हुन लागेको हो । प्रतियोगितामा नेपालका आठ विश्वविद्यालयको सहभागिता रहने आयोजकले जनाएको छ । प्रतियोगितामा सुदूरपश्चिम, मध्यपश्चिम, पूर्वाञ्चल, गण्डकी, पोखरा विश्वविद्यालय, कृषि तथा वन विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय र काठमाण्डौ विश्वविद्यालयको सहभागिता रहने छ । काठमाण्डौ विश्वविद्यालयका विद्यार्थी कल्याण निर्देशनालयका कायममुकायम निर्देशक डा. गोकुल केसीका अनुसार प्रतियोगितामा पाँच विधाका खेल समावेश गरिएको छ । भलिबल, टेबलटेनिस, ब्याडमिन्टन, बास्केटबल र एथ्लेटिक्समा २ सय ७९ खेलाडीले प्रतिस्पर्धा गर्ने उनले जानकारी दिए । केसीका अनुसार प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ । सबै खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई धुलिखेलमा बसोबासको व्यवस्था मिलाइएको आयोजकले जनाएको छ । प्रतियोगितामा १८ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । हरेक खेलका विजेता खेलाडीले तीन हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन् ।


वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


### अर्थ/कर्पोरेट समाचार

## डिजेल र मट्टितेलको मूल्य बढ्यो



**पाल्पा,** माघ १७/पेट्रोलियम पदार्थको मूल्य वृद्धि भएको छ । नेपाल आयल निगमले डिजेल र मट्टितेलको मूल्य बढाएको हो । डिजेल र मट्टितेल प्रतिलिटर ३ रुपैयाँ बढेको छ । भारतीय आयल कर्पोरेसन (आईओसी) बाट प्राप्त नयाँ मूल्य सूचीअनुसार पेट्रोलियम पदार्थको भाउ बढेर आएकाले मूल्य समायोजन गरिएको निगमले जनाएको छ । पेट्रोल र खाना पकाउने ग्याँसको मूल्य यथावत् छ । यसैगरी निगमले हवाई इन्धन (आन्तरिक) तर्फ प्रतिलिटर १ रुपैयाँले मूल्य घटाएको छ । त्यस्तै, हवाई इन्धन (अन्तर्राष्ट्रिय) तर्फ काठमाडौँको लागि प्रति किलोमिटर अमेरिकी डलर ७ ले मूल्य घटाइएको छ ।

मूल्य समायोजनसँगै डिजेल/मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ३६ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि १३८ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ३९ रुपैयाँ कायम भएको छ । निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलबारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपोलाई पहिलो वर्ग, सुर्खेत र दाङ डिपोलाई दोस्रो वर्ग र काठमाडौँ, पोखरा र दिपायल डिपोलाई तेस्रो वर्गमा राखेको छ । निगमको डिपोदेखि १५ किलोमिटरसम्मका लागि उक्त खुद्रा बिक्री मूल्य लागू हुनेछ ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं।

**सामाजिक सञ्जालमा :**

-जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुऱ्याउने,
-राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
-कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
-जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
-शान्ति सुरक्षामा खलल पुग्ने,
-प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
-जनमानसमा भ्रम सिर्जना गर्ने,
जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन । यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई